आज मिति २०८२।०७।२५ गते दिनको १२:०० बजे गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको १४५ औं (आ.व.२०८२/८३ को छैटौं) बैठक गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिना साकारज्यूको अध्यक्षतामा गण्डकी गाउँपालिकाको बैठक कक्षमा बस्यो। उपस्थिती र निर्णय देहाय बमोजिम रहेको छ।

| सि.न. | पदाधिकारीज्यूहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोपमान गुरुङ | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री यम बहादुर थापा | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री राजुबाबु भण्डारी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री पहलमान बयालकोटी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री तुल बहादुर गुरुङ | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कोकील बहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री तारा परियार | कार्यपालिका सदस्य | |
| १३ | श्री कुन्ती माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी बागदास | कार्यपालिका सदस्य | |
| १६ | श्री अ माया राना | कार्यपालिका सदस्य | |
| १७ | श्री भुवन चापागाई | सचिव (प्र.प्र.अ.) | |

## निर्णयहरु

**प्रस्ताव नं १ : पूर्व निर्णयहरुको समिक्षा सम्बन्धमा ।**

**निर्णय नं १ :** गाउँ कार्यपालिकाको १४४ औं बैठकबाट पारित निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा आजको यस बैठकमा समिक्षात्मक छलफल भई जानकारी भयो । उक्त सम्बन्धमा, गाउँपालिकाबाट गरिने विकास तथा सेवा प्रवाहको कार्यलाई छिटो छरितो, गुणस्तरीय तथा प्रभावकारी तवरले अगाडि बढाउने र वडास्तरीय र पालिकास्तरीय योजना सम्झौता मंसिर मसान्तभित्र सम्पन्न गर्ने गरी कार्यप्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं २ : नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

**निर्णय नं २ :** उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय पोखराद्वारा चालु आ.व. २०८२/८३ को नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि अवधारणापत्र पेश गर्ने सम्बन्धी सूचना सो सम्बन्धी निर्देशिका यस वैठकमा प्रस्तुत भई छलफल भयो । सो सम्बन्धमा उल्लेखित परियोजना कार्यान्वयनको लागि गण्डकी गाउँपलिकाको तर्फबाट "मौरी व्यवसाय प्रवर्द्धनको लागि एकीकृत फलफूल विकास परियोजना" को अवधारणापत्र एवं प्रस्ताव पेश गर्ने र गाउँपालिकाबाट नियमानुसार व्यहोर्नुपर्ने ३० प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता जनाउने निर्णय गरियो । साथै कार्यक्रम कार्यान्वयनको लागि सम्पर्क व्यक्तिको रुपमा कृषि अधिकृत सपना थारुलाई तोक्ने निर्णय गरियो ।

यस कार्यक्रम कार्यान्वयनको लागि तपसिल बमोजिमको नविनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

| | |
|---|---|
| अध्यक्ष गण्डकी गा.पा. | अध्यक्ष |
| उपाध्यंक्ष गण्डकी गा.पा. | सदस्य |
| प्र प्र अ | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य |
| श्री योजना शाखा प्रमुख | सदस्य सचिव |

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक गोरखा
२०७३

निर्णय प्रमाणित

भुवन चापागाई
प्रमुख प्रशासकीय अधिकृत